नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

निर्णयहरूः

१. राष्ट्रिय किताबखाना (निजामती) बाट प्रवाह हुने निवृतभरण, उपदान र यससँग सम्बन्धित अन्य सेवाहरूलाई समेटेर तयार गरिएको एकीकृत ई-पेन्सन सेवाको प्रभावकारी कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने।

२. कार्यालयबाट उपलब्ध हुने सबै सेवाहरू सम्बन्धी तालिमको लागि फ्रन्ट डेस्कमा काम गर्ने कर्मचारीहरूको विवरण तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

३. सम्पूर्ण कार्यालयहरूको सेवा प्रवाहलाई प्रभावकारी र गुनासो रहित बनाउन कार्यालयमा अनाधिकृत व्यक्तिहरू (विचौलिया)लाई प्रवेश निषेध गर्ने।

४. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गरी नयाँ अतिक्रमणमा कडाईका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने।

५. विद्यमान भ्रष्टाचार ढिलासुस्ती तथा सेवाग्रही प्रति असहज व्यवहार जस्ता प्रवृतीहरूको सुधार गर्दै कर्मचारीतन्त्रलाई उतरदायी सेवामुखी र उदाहरणीय बनाउन कर्मचारी आचारंसहिताको अक्षरश कार्यान्वयन गर्न सम्पूर्ण कार्यालयले Integrity Monitoring Team (IMT) गठन गरी Integrity Monitoring मापदण्ड तयार गरी मासिक रुपमा Employee of the month घोषणा गरी सो विवरण अर्को बैठकमा पेश गर्ने।

६. इन्धनको बढदो संकटलाई ध्यानमा राखी मितव्ययी र किफायती रुपमा सवारी साधनको प्रयोग गर्ने। विदाको दिनमा चल्ने सरकारी सवारी साधनको ट्राफिक प्रहरीले अनिवार्य रुपमा सवारी पास चेकजाँच गर्ने।

प्रमुख जिल्ला अधिकारी

CS Scanned with CamScanner